मिति: २०७९।०५।३०

# पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तरतह छात्रवृत्ति कार्यक्रमको केन्द्रिय प्रवेश परीक्षामा अनलाइन दरखास्त फाराम भर्दा उम्मेदवारहरुले ध्यानदिनुपर्ने अत्यन्त जरुरी कुराहरु !

**पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय स्नातकोत्तरतह कार्यक्रमहरुमा** नियमानुसार छात्रवृत्तिमा अध्ययन गराउन मिति २०७९।०५।३० गतेदेखि अनलाइन फाराम भर्ने व्यवस्था हुदै आएको र यो व्यवस्था यही मिति २०७९।०६।२५ गतेसम्म रहने व्यहोरा सर्वप्रथम सम्बन्धित सबैको लागि जानकारी गराइन्छ । दरखास्त दिने उम्मेदवारहरुले यो लिङ्क **(Website: https://pu.edu.np/ अथवा https://scholarship.pu.edu.np)** मा गइ तपशिल बमोजिम गर्न सम्बन्धित सबैलाई सूसुचित गरिन्छ ।

(१) सम्बन्धित लिङ्कमा गइ पोखरा विश्वविद्यालय विज्ञान तथा प्रविधि संकाय केन्द्रिय प्रवेश परीक्षा (Scholarship and Fee Paying) को मिति २०७९।०५।१९ गते प्रकाशित Detail Notice को राम्रो अध्ययन गर्नु होला ।

(२) अनलाइन दरखास्त फाराम कसरी र के गरेर भर्ने भनि भिडियो (https://youtu.be/WhtaEnU-QIM) यो लिङ्क **(https://scholarship.pu.edu.np)** मा अपलोड गरिएको छ उक्त भिडियोलाई राम्रो सँग हेर्नु होला ।

(३) उम्मेदवारहरुले अनलाइन फाराम भर्दा अनिवार्य आफ्नो Gmail ID बनाउनु पर्नेछ ।

(४) उम्मेदवारहरुको आफ्नो Email मा Gmail ID को Verification code आएपछि मात्र अनलाइन फाराम भर्न मिल्नेछ ।

(५) उम्मेदवारहरुले अनलाइन फारम भर्दा एउटै Gmail ID प्रयोग गरी भर्नुपर्नेछ । यदी फरक फरक Gmail ID प्रयोग गरी अनलाइन फारम भर्दा सफ्टवेयरले सपोर्ट गर्दैन ।

(६) विद्यार्थीहरुले अनलाइन फारम भर्न शुरुमा प्रोफाइल सेटअप गर्दा शुरु स्टेपबाट अन्तिम स्टेपसम्म (Basic Information, Contact Information, Guardian Information, SLC/SEE Information, Quota Information, Intermediate Education Information and Bachelor Education Information) नछुटाइकन आफ्नो इमेलको पासवर्ड राखेर सेभ गर्दै जानुपर्छ र मात्र प्रोफाइल सेटअप हुन्छ । प्रोफाइल सेटअप भएपछि प्रोफाइल verify नभइकन पनि Scholarship Apply गर्न मिल्छ ।

(७) आफु कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म सार्वजनिक विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गर्नुभएको हो भने त्यस्ता उम्मेदवारहरुले सार्वजनिक विद्यालयमा अध्ययन गरेको सिफारिस अनुसूचि-२ को फरम्याटमा नै पेश गुर्नपर्ने भएको हुदा उक्त फरम्याट दिएकै लिङ्कमा उपलब्ध हुने भएकोले अनिवार्य रुपमा उम्मेदवारहरुले सो फरम्याट डाउनलोड गरी सार्वजनिक विद्यालय अध्ययन गरेको सिफारिस उक्त फरम्याटमानै बनाइ पेश गर्नुपर्ने छ ।

(८) अनलाइन फारम भर्ने उम्मेदवारहरुले Bachelor Level Pass भएको Transcript / Character छैन भने प्रथम सेमेष्टर देखि फाइनल सेमेष्टर भन्दा अघिका वा फाइनल सेमेष्टरसम्म पास भएको सबै सेमेष्टरका ग्रेडसीटहरुलाई स्क्यान गरी बनेको पिडिएफ फाइललाई JPG फाइलमा सेभगरी अपलोड गर्नुपर्नेछ । फाइल अपलोड गर्दा Transcript / Character नभएकोले Result मा Click गरी Pending गरेपछि फाइललाई 3rd Year / 7th Semester Marksheet भनेको ठाउँमा अपलोड गर्ने । अथवा विद्यार्थीहरु आफु अध्ययनरत रहेको शैक्षिक संस्थाबाट सम्पूर्ण सेमेष्टर (प्रथम देखि सातौं वा आठौं सेमेष्टर) पास भएको भनि सिफारिस गरिएको सिफारिस पत्रलाई पनि 3rd Year / 7th Semester Marksheet भनेको ठाउँमा अपलोड गर्न सकिन्छ । फाइनल वर्ष वा सेमेष्टरको चाही प्रवेशपत्रलाई Final Year Admit Card भएको महलमा अपलोड गर्नुपर्छ । तर Transcript / Character छ भने Result मा Click गरी Passed गरेपछि फाइललाई फारम भर्ने ठाउँमा उल्लेख भएको Aggregate Marksheet को महलमा अपलोड गर्ने । तर अनलाइन फारम भर्ने विद्यार्थीहरुले Transcript / Character नबुझाएको खण्डमा छनौट समितिबाट पास लिष्ट प्रकाशित भएको मितिले ढिलोमा एक हप्ताभित्र अनिवार्य रुपले Transcript / Character बुझाउनुपर्ने छ । यदी नबुझाएमा सम्बन्धित उम्मेदवारलाई बाँकी छात्रवृत्ति प्रक्रियामा समावेश गरिने छैन ।

(९)उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए सम्बन्धित उम्मेदवारहरुलाई एकपटकसम्म मात्र Re-Submit गर्ने अवसर हुनेछ ।

(१०) उम्मेदवारहरुले पेश गरेको अनलाइन दरखास्त फाराम नियमानुसार नमिलेको भए र एकपटक Re-Submit को मौका पनि पाइसकेको भए त्यस्तो उम्मेदवारहरुको फाराम रुजुगर्ने रुजुकर्ताले पेश हुन आएको कागजातहरुको आधारमा खुला र आरक्षण जुनमा समावेश गर्न मिल्छ सोही अनुसार उम्मेदवारहरुलाई समावेश गरिनेछ । अन्यथा नियमानुसार फाराम रद्ध हुनेछ ।

पोखरा विश्वविद्यालय
विज्ञान तथा प्रविधि संकाय
स्नातकोत्तरतह छात्रवृत्ति छनौट समिति, २०७९